# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ४४ औं नगर कार्यपालिका बैठकको निर्णयहरू
मितिः २०८२ पौष ४ गते, शुक्रवार ( नेपाल संवत ११४६ थिंल्लागाः आमै)

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन विभाग | १८ औं नगर सभाको मिति तोक्ने | काठमाडौं महानगरपालिकाको नगरसभाको अठारौं अधिवेशन मिति २०८२ पुस ११ गते, शुक्रवार (ने.सं. ११४६ पोहेलाथ्व खस्थि) विहान १० बजे त्रिभुवन आर्मी अफिसर क्लव, भद्रकालीमा बस्ने |
| २ | प्रशासन विभाग | वडा नम्वर १३ छाउनी स्थित पञ्चकन्या माध्यामिक विद्यालयसँगै जोडिएको दर्ता हुन बाँकी जग्गा विद्यालयको नाममा छुट दर्ता तथा भोगचलन गर्ने | का.म.पा.१३ छाउनी स्थित पञ्चकन्या माध्यमिक विद्यालयको प्राङ्गण संगै जोडिएको सिट नं. १०२११०२१० (साविक टंकेश्वर ९ "क" कि.१४० तर्फ) हाल कि.नं. १५९ को जग्गा छुट दर्ता तथा पञ्चकन्या माध्यमिक विद्यालयलाई शैक्षिक गतिविधि सञ्चालनार्थ उपभोग गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने । |
| ३ | प्रशासन विभाग | कार्यालय सहयोगी पदमा कार्यरत उमा कार्कीको २०८२।९।१ देखि २०८३ मंसिर मसान्त सम्मको असाधारण विदा स्वीकृत | कार्यालय सहयोगी पदमा कार्यरत श्री उमा कार्की (क.सं.नं.३-२७-३९७४-०४४५०) लाई मिति २०८२/०९/०१ देखि २०८३ मंसीर मसान्त सम्म (एक वर्ष) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६३ को (क) बमोजिम बेतलवी (तलव सुविधा नपाउने र स्वीकृत विदा अवधी नोकरी अवधीमा गणना नहुने गरी) असाधारण विदा स्वीकृत गर्ने । |
| ४ | सार्वजनिक निर्माण विभाग | सार्वजनिक निर्माण विभाग मार्फत चालु अवस्थामा रहेको Plastering and Painting works in different offices at Kathmandu Metropolitan City ( Contract ID 03-12-NCBW-080/081-PWD-KMC) र Construction of Regular footpath maintenance and beautification works at KMC (Contract ID 03-03-NCBW-080-081-PWD-KMC) योजनामा बाँकी हुन आउने रङ्गरोगन तथा प्लास्टर सम्वन्धी परिमाणबाट सामुदायिक विद्यालय तथा अन्य सार्वजनिक भवनहरुमा रङ्गरोगन कार्यको लागि निर्माणस्थल परिवर्तन गर्ने निर्णय अनुमोदन गर्ने | हाल सार्वजनिक निर्माण विभाग मार्फत चालु अवस्थामा रहेको Plastering and Painting works in different offices at Kathmandu Metropolitan City (Contract ID 03-12–NCBW–080/81–PWD–KMC) र Construction of Regular footpath maintenance and beautification works at KMC (Contract ID 03-03-NCBW- 080-081- PWD–KMC) योजनामा बाँकी हुन आउने रङ्गरोगन तथा प्लास्टर सम्वन्धी परिमाणवाट काठमाडौं महानगरपालिका भित्रका सामुदायिक विद्यालय तथा अन्य सार्वजनिक भवनहरुमा रङ्गरोगन गर्ने कार्यको लागि काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली २०७९ लाई संशोधन गर्न बनेको नियमावली, २०८० को नियम ४ को १२(क)(४) वमोजिम निर्माणस्थल परिवर्तन सम्बन्धमा मिति २०८२/०८/०९ गतेको (प्रमुख स्तरीय) निर्णय अनुमोदन गर्ने । |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| ५ | सार्वजनिक निर्माण विभाग | ५ नम्वर वडा अन्तर्गत ढल्कोबाट कृष्ण मन्दिर सम्मको बाटोमा सडक पेटी निर्माण कार्यलाई सोही वडाको भमरकुण्ड देखि मालीगाउँ सम्म सडक पेटी निर्माण कार्यको लागि निर्माणस्थल परिवर्तन गर्ने र भेरिएसन स्वीकृत | काठमाडौ महानगरपालिका वडा नं ५ अन्तर्गत ढल्कु मार्गमा ढल्कुबाट कृष्ण मन्दिर जाने बाटोमा सडक पेटी निर्माण कार्यको लागि उक्त स्थानमा साइड क्लियर हुन नसकेकाले त्यस्तै प्रकारको मिल्दोजुल्दो काम मिति २०८१/०७/०८ गते बसेको वडा समितिको निर्णायानुसार आ.व २०८०/२०८१ बजेट शिर्षक नं.१० को का.म.पा ५ वडा स्थित भमरकुण्ड देखि माली गाँउसम्म सडक पेटी निर्माण गर्ने भनि योजना भएकोमा परिवर्तित स्थानको ल.ई ५१,८५,०११/८४ भएकोमा काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमाली, २०७९ लाई संशोधन गर्न बनेको नियमावली, २०८० को दफा ४ उपनियम (३) बमोजिम स्थान परिवर्तन र सार्वजनिक खरिद नियमावलीको नियम ११८ तथा काठमाडौ महानगरपालिका सार्वजनिक खरिद नियमावली ,२०७९ पहिलो संशोधन २०८० को नियम ४६(घ) बमोजिम ३८.३३% भेरिएसन स्वीकृत गर्ने । |
| ६ | सार्वजनिक निर्माण विभाग | १५ प्रतिशत देखि २५ प्रतिशत सम्मको भेरिएसन भएका योजनाहरुको नगर कार्यपालिकाबाट अनुमोदन गर्ने | काठमाडौं महानगरपालिका सार्वजनिक निर्माण विभाग मार्फत कार्यान्वयन भएका निम्नानुसारका योजनाहरु कार्यान्वयनको क्रममा १५ देखि २५ प्रतिशत सम्मको भरिएसन काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली २०७९ लाई संसोधन गर्न बनेको नियमावली २०८० को नियम १६ (मूल नियमावलीको नियम ४६ संशोधन) को उपनियम (ग) पन्ध्र प्रतिशतभन्दा माथि पच्चीस प्रतिशतसम्मको भरिएसन प्रमुखले भन्ने व्यवस्था बमोजिम श्रीमान् प्रमुखज्यूबाट भेरिएसन सदर भएकोले अनुमोदन गर्ने । |
| ७ | वातावरण व्यवस्थापन विभाग | संस्था करारमा कार्यरत सरसफाईकर्मीहरुको ज्यालादर वृद्धि गरी सम्झौता अवधि थप गर्ने | काठमाडौं महानगरपालिकाबाट सरसफाई सम्बन्धी कार्यको लागि श्री बज्र सेक्यूरिटि/कनेक्ट एच.आर. जे.भी. सँग संस्था करार गरी कामकाजमा लगाएका ३०० जना श्रमिकहरुलाई नेपाल सरकारले मिति २०८२।४।१ गतेदेखि लागू हुने गरी श्रमिकहरुको लागि निर्धारण गरेको न्यूनतम पारिश्रमिक र सुविधा गरी रु. २४,१६८।३७ कायम गर्ने र संस्था करार सेवा आवश्यक रहेको हुँदा सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम थप १ (एक) वर्षको लागि सम्झौता नविकरण गर्ने । |
| ८ | सूचना प्रविधि विभाग | काठमाडौं महानगरपालिका सूचना प्रविधि कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति | काठमाडौं महानगरपालिका सूचना प्रविधि कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने । |
| ९ | अन्तर्राष्ट्रिय सम्वन्ध सचिवालय | बेल्जियमको ब्रसेल्समा डिसेम्बर ८ देखि १०, २०२५ सम्म European Union ले आयोजना गरेको European Union Cities and Regions for International Partnership 2025 Forum कार्यक्रममा सहभागिताको लागि उपप्रमुख श्री सुनिता डंगोललाई मनोनयन गर्ने निर्णय अनुमोदन गर्ने | बेल्जियमको ब्रसेल्समा डिसेम्बर ८-१०, २०२५ सम्म European Union ले आयोजना गरेको European Union Cities and Regions for International Partnership 2025 Forum कार्यक्रममा सहभागिताको लागि उपप्रमुख श्री सुनिता डंगोललाई मनोनयन गर्ने २०८२।७।१६ को निर्णय अनुमोदन गर्ने । |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १० | कानुन तथा मानव अधिकार विभाग | होटल, रेष्टुरेण्ट र व्यवसायिक एवम् अन्य भान्साको स्तरीकरण तथा प्रमाणिकरण कार्यविधि, २०८२ स्वीकृत गर्ने | अर्को बैठकमा पेश गर्ने |
| ११ | कानुन तथा मानव अधिकार विभाग | श्री पारसनाथ महादेव तथा आनन्द भैरव मन्दिर, ज्ञानेश्वर व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने | श्री पारसनाथ महादेव तथा आनन्द भैरव मन्दिर, ज्ञानेश्वर व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने |
| १२ | प्रशासन विभाग | महानगर प्रहरी ऐन, २०८० संशोधनको लागि नगर सभामा पेश गर्ने | थप अध्ययन गरी पेश गर्ने । |
| १३ | स्वास्थ्य विभाग | ६० वर्ष उमेर पुगी अवकास भएका तथा कार्यअवधिमा मृत्यु भएका महिला स्वास्थ्य स्वयम्सेविकाहरुको लागि जिवन निर्वाह खर्च जनही २ लाख रुपैया तथा उत्कृष्ट स्वयम्सेविकालाई जनही ५ हजार रुपैयाका दरले पुरस्कार उपलब्ध गराउने निर्णय अनुमोदन | डिसेम्वर ५ (मिति २०८२।०८।२९) गते अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसका दिन काठमाडौं महानगरपालिकाको १४ औं महिला सामुदायिक स्वयंसेविका अवसरमा यस ६० वर्ष उमेर पुरा भई अवकाश हुने १३ जना तथा सेवारत हुँदा मृत्यु भएका २ जना महिला स्वास्थ्य स्वयंसेविकाको हकवालालाई महानगरपालिकबाट उपलब्ध गराइउँदै आएको प्रतिब्यक्ति २ लाख रुपैयाका दरले जम्मा रु ३०,००,०००।- र सबै वडाबाट उत्कृष्ट छनौट भई आएका ३२ जना महिला स्वास्थ्य स्वयंसेविकालाई पुरस्कार वापत प्रतिब्यक्ति ५ हजार रुपैयाका दरले जम्मा रु १,६०,०००।- गरी कूल जम्मा रु ३१,६०,०००। (एकतीस लाख साठी हजार रुपैया) अवकाश प्रोत्साहन तथा नगद पुरस्कार उपलब्ध गराउने मिति २०८२।०८।१७ मा भएको प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने । |
| १४ | स्वास्थ्य विभाग | विमा बोर्डबाट प्राप्त सोधभर्ना रकम खर्च मापदण्ड स्वीकृत | स्वास्थ्य बीमा बोर्डबाट शोधभर्ना (Reimbursement) हुने रकमको खर्च सम्बन्धमा मिति २०८२।०९।०३ गतेको नगर प्रमुखस्तरीय निर्णयलाई तपसिल अनुसार हुने गरि अनुमोदन गर्ने निर्णय गरियो ।<br>तपसिल<br>क) औषधी तथा औषधीजन्य सामाग्रीको खरिदः<br>- स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक औषधिहरूको खरिद - ३५ प्रतिशत ।<br>- औषधीजन्य सामाग्री, औजार तथा उपकरण खरिद - ३० प्रतिशत ।<br>ख) स्वास्थ्य संस्थाहरूको गुणस्तर सुधार तथा जनशक्ति व्यवस्थापन - १० प्रतिशत ।<br>ग) कर्मचारीहरुको क्षमता विकास तथा प्रोत्साहन- १५ प्रतिशत ।<br>घ) प्रशासनिक खर्चको लागि - १० प्रतिशत ।<br>उल्लिखित मापदण्डमा १०% सम्म स्वास्थ्य संस्थाको व्यवस्थापन समितिले आवश्यकता अनुसार थपघट गर्न सक्ने । |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
| --- | --- | --- | --- |
| १५ | स्वास्थ्य विभाग | महानगवासीलाई निःशुल्क रक्त पदार्थ उपलब्ध गराउने सम्बन्धी रेडक्रस सँग बहुवर्षिय सम्झौता गर्ने | काठमाडौं महानगरपालिका स्थायी बासीहरुलाई उपचारको क्रममा आवश्यक हुने रगको रक्ततत्व परिक्षण गर्दा लागेको शुल्क सम्झौँता भएको मिति देखि चालु आ.व. को असार मसान्त सम्मका लागि नेपाल रेडक्रस सोसाईटी केन्द्रिय कार्यालयसँग मिति २०८०/०५/२२ गतेको सम्झौँतामा थप अस्पतालहरु (बिर अस्पताल, त्रि.वि. शिक्षण अस्पताल, ट्रमा सेन्टर, कान्ति बाल अस्पताल, प्रसुती गृह, मनमोहन कार्डियोथोरसिक तथा भास्कुलर सेन्टर अस्पताल, गंगालाल अस्पतला, टोखा चंडेश्वरी अस्पताल, निजामति सेवा अस्पताल र शुक्रराज ट्रपिकल) मा उपचारत विरामीको रक्ततत्व परिक्षण वापतको रकम भुक्तानि दिने गरी पुरक सम्झौँता गर्ने । |
| १६ | सामाजिक विकास विभाग | काठमाडौं महानगरपालिका बालकोष परिचालन मापदण्ड, २०८२ स्वीकृत गर्ने | काठमाडौं महानगरपालिका बालकोष परिचालन मापदण्ड, २०८२ स्वीकृत गर्ने । |
| १७ | सामाजिक विकास विभाग | दृष्टिविहिन क्रिकेट उपविजेता नेपाली टोलीका खेलाडीलाई जनही १ लाख र अन्य टोली सदस्यलाई ५० हजारको दरले सम्मान पुरस्कार उपलब्ध गराउने | 1st Women's T20 World Cup Cricket for the Blind 2025 खेलमा उपविजेता हुन सफल खेलाडीहरुलाई जनही रु. १,००,०००/- (एक लाख रूपैया) र प्रशिक्षक तथा व्यवस्थापकको हकमा जनही रु. ५०,०००/- (पचास हजार रूपैया ) गरी जम्मा रु.१८,५०,०००/-(अठार लाख पचास हजार रूपैया) नगद पुरस्कार नेत्रहिन क्रिकेट संघ नेपाललाई उपलब्ध गराउन आ.व. २०८२/०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेटको क्र.सं. ६०० मा खेलाडी प्रोत्साहन तथा सम्मान कार्यक्रम शीर्षकमा विनियोजन भएको बजेट रु ५०,००,०००/(अक्षरेपीः पचास लाख मात्र) बाट खर्च गर्ने |
| १८ | शिक्षा विभाग | निशुल्क शिक्षा कार्यान्वयनको लागि अध्ययन प्रतिवेदनको आधारमा विद्यालयलाई अनुदान निकाशा अनुमोदन | आ.ब.०८२/०८३ को स्वीकृत क्र.सं.४०६, खर्च संकेत नं. २५३११ मा निःशुल्क शिक्षा कार्यान्वयनका लागि अध्ययन प्रतिवेदनका आधारमा विद्यालयलाई अनुदान शीर्षकमा स्वीकृत भएको रकम रु. ८०००००००/-(आठ करोड) मध्येबाट संलग्न सूची बमोजिमका ७४ वटा विद्यालयलाई रु. २,८८,३४,५००।-(दुई करोड अठासी लाख चौतिस हजार पाँच सय) अनुदान पठाउने मिति २०८२/६/१० को निर्णय (प्रमुख स्तरीय) अनुसार निकाशा दिईएकोले उक्त अनुदान काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि २०७९ को दफा ६ (ख) बमोजिम अनुमोदन गर्ने । |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १९ | शिक्षा विभाग | नतिजा सुधारका लागि विद्यालयलाई अनुदान | आ.ब.०८२/०८३ को गौरवको योजना गरिखाने शिक्षा महानगरको ईच्छा अन्तर्गत क्रमागत तर्फ क्र.सं. ६ खर्च संकेत नं २२५२२ विद्यार्थीको नतिजा सुधारका लागि शिक्षकलाई बिदा वा कार्यालय समय बाहेक खटाएको बखत अतिरिक्त पारिश्रमिकका लागि विद्यालयलाई अनुदान शीर्षकमा स्वीकृत भएको रकम रु.९५००००००/-(पन्चानब्बे लाख) मध्येबाट शैक्षिक सत्र २०८१ मा विद्यार्थीको नतिजा सुधारका लागि कक्षा १० का विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गरेका संलग्न सूची बमोजिमका ४५ विद्यालयहरुलाई सञ्चालित पिरियड संख्याका आधारमा प्रति पिरियड रु.३००/- दरले हुन आउने रकम रु. ९४१३७००। सम्बन्धित विद्यालयको खातामा अनुदान निकाशा गर्ने । |
| २० | शिक्षा विभाग | विद्यालय हाता सौन्दर्यकरणका लागि सामुदायिक विद्यालयलाई अनुदान निकासा | शिक्षा विभाग तर्फ आ.ब.०८२/०८३ को लागि सुन्दर विद्यालय परियोजना अन्तर्गत क्र.सं.४ खर्च संकेत नं २२५२२ मा विद्यालय हाता सौन्दर्यकरणका लागि विद्यालयलाई अनुदान शीर्षकमा स्वीकृत रु.८५०००००/-(पचासी लाख) मध्येबाट प्रति विद्यार्थी (ECD- कक्षा १०) का लागि रु. १९५/- का दरले हुन आउने कुल रु.८३९७२८५/- संलग्न सूची बमोजिमका ८६ वटा विद्यालयका लागि शिक्षा विभागले आवश्यक सम्झौता गरी सम्बन्धित विद्यालयको खातामा अनुदान निकाशा गर्ने । |
| २१ | शिक्षा विभाग | नेपाल भाषाको परिमार्जित पाठ्यक्रम स्वीकृति, प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम लेखन तथा संशोधित पाठ्यक्रम अनुसार कक्षा १-८ को पाठ्पुस्तक संशोधनको कार्यादेश | काठमाडौं महानगरपालिका, नगरकार्यपालिकाको निर्णयानुसार काठमाडौं महानगरपालिका, शिक्षा तथा स्वास्थ्य समितिका संयोजक चिनिकाजी महर्जनको संयोजकत्वमा गठन भएको नेपाल भाषाको पाठ्यक्रम तथा स्थानीय पाठ्यपुस्तकहरूमा समसामयिक संशोधन तथा परिमार्जन गर्न गठित समितिले समसामयिक संशोधन र परिमार्जन सहित पेश गरेको कक्षा १ देखि ८ सम्मको नेपाल भाषाको संशोधित पाठ्यक्रम स्वीकृत गर्ने र प्रारम्भिक वालविकास शिक्षाको नयाँ पाठ्यक्रम निर्माण एवं कक्षा १-८ को परिमार्जित पाठ्यक्रम अनुसार पाठ्यपुस्तक संशोधनको कार्य अगाडि पढाउने जिम्मेवारी र कार्यादेश शिक्षा तथा स्वास्थ्य समितिलाई दिने । |
| २२ | सम्पदा तथा पर्यटन विभाग | काठमाडौं महानगरपालिका रचनात्मक सहर सञ्चालन व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृति गर्ने | काठमाडौं महानगरपालिका रचनात्मक सहर सञ्चालन व्यवस्थापन कार्यविधि, २०८२ संशोधन सहित स्वीकृति गर्ने । |
| २३ | सम्पदा तथा पर्यटन विभाग | भद्रकाली मन्दिर पुननिर्माण भेरिएसन अनुमोदन गर्ने | मिति २०८२।७।२७ मा श्रीमान् प्रमुखज्यूबाट स्वीकृत भएको भद्रकाली परिसर पुननिर्माण कार्यको २३.०१ % भेरिएसन अनुमोदन गर्ने र साथै स्रोत सुनिश्चितताको लागि (भेरिएसन सहित बहुबर्षे ४३ करोड) पुसको नगरसभामा पेश गर्ने । |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| २४ | सम्पदा तथा पर्यटन विभाग | प्राचीन स्मारक संरक्षण अध्ययन समाजसँगको मूर्त अमूर्त सम्पदाहरुको संरक्षण र अभिलेखन कार्यको लागि भएको सम्झौताको म्याद थप र भुक्तानी | प्राचिन स्मारक संरक्षण अध्ययन समाजलाई मूर्त अमूर्त सम्पदाहरुको संरक्षण र अभिलेखिकरण कार्यको लागि मिति २०८२ असार ३० गते सम्म म्याद थप गरी भुक्तानी गर्ने । |
| २५ | सहकारी विभाग | काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ संशोधनको लागि सैद्धान्तिक सहमति | काठमाडौ महानगरपालिकाको सहकारी विभाग तथा महानगरपालिकाको सहकारी समितिको मिति २०८२।८।२५ सिफारिस समेतको आधारमा सहकारी ऐन, २०७४ मा संशोधन गर्न सहमति दिने । |
| २६ | सहकारी विभाग | सहकारी सम्बद्ध देहाय कानुन तर्जुमाको लागि सैद्धान्तिक सहमति | काठमाडौ महानगरपालिकाको सहकारी विभाग तथा महानगरपालिकाको सहकारी समितिको मिति २०८२।८।२५ सिफारिस समेतको आधारमा देहायका कार्यविधि लगायत आवश्यक कार्यविधि बनाई पेश गर्न सैद्धान्तिक सहमति दिने ।<br>१. ऋण तथा बचत सहकारी संस्थाहरू गाभिन (Merger) आवश्यक निर्देशिका<br>२. ऋण तथा बचत सहकारी संस्थाको क्षेत्र विस्तार, हेरफेर तथा संकुचनका लागि कार्यविधि,<br>३. ऋण तथा बचत सहकारी संस्था दर्ता कार्यविधि,<br>४. निष्क्रिय सहकारी संस्था बन्द गर्न आवश्यक कार्यविधि,<br>५. समस्याग्रस्त सहकारी संस्था घोषणा तथा तार्किक अन्त्यमा पुऱ्याउने कार्यविधि,<br>६. सहकारी सदस्यको बचत रकम फिर्ता गर्न समिति गठन तथा कार्य सञ्चालन कार्यविधि,<br>७. सहकारी संस्था छुट्टिने निर्देशिका<br>८. सहकारी संस्थाको साविक उद्देश्य संशोधनको लागि मापदण्ड |
| २७ | सहकारी विभाग | सहकारी प्रबर्धन कोष सञ्चालन कार्यविधि तर्जुमाको लागि सैद्धान्तिक सहमति | काठमाडौ महानगरपालिकाले सहकारी ऐन,२०७४ को दफा ४९ तथा काठमाडौ महानगरपालिका सहकारी नियमावली २०८० को नियम १८ मा सहकारी प्रबर्धन कोष सन्चालन कार्यबिधि बनाई पेश गर्न सैद्धान्तिक सहमति दिने । |
| विविध | | | |
| | सामाजिक विकास विभाग | निर्णय फर चेन्ज संस्थालाई सिटी रन कार्यक्रम सञ्चालन कार्यक्रम सहायता उपलब्ध गराउने | १४ लाख रुपैया कार्यक्रम सहायता उपलब्ध गराउने |